# प्रेस विज्ञप्ती

# सिद्धार्थ बैंक लगातार दोस्रो पटक 'उत्कृष्ट बार्षिक वित्तीय प्रतिवेदन' को अवार्डबाट सम्मानित

*श्रावण ८, २०८०, काठमाडौं*

सिद्धार्थ बैंक लिमिटेड बैंकिङ्ग क्षेत्रको 'उत्कृष्ट बार्षिक वित्तीय प्रतिवेदन २०२२' अवार्डबाट सम्मानित भएको छ । नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था (ICAN) ले आर्थिक वर्ष २०२१/२२ मा प्रकाशित वार्षिक प्रतिवेदनका आधारमा बैंकिङ्ग क्षेत्रको उत्कृष्ट वित्तीय प्रतिवेदन - गोल्ड अवार्ड बैंकलाई प्रदान गरेको हो । सिद्धार्थ बैंक गत वर्ष पनि 'उत्कृष्ट बार्षिक वित्तीय प्रतिवेदन २०२१' अवार्डबाट सम्मानित भएको थियो ।

उक्त अवार्ड शुक्रबार, काठमाडौंमा आयोजित एक कार्यक्रममा अर्थमन्त्री डा. प्रकाशशरण महतले सिद्धार्थ बैंकका प्रमुख कार्यकारी अधिकृत श्री सुन्दर प्रसाद कडेललाई हस्तान्तरण गर्नुभएको थियो । यस अवार्डले बैंकलाई आगामी दिनहरुमा अझ बढी परिस्कृत वित्तीय विवरण प्रकाशित गर्न हौसला मिलेको छ। बैंकको उक्त पुरस्कृत वार्षिक प्रतिवेदनले South Asian Federation of Accountants (SAFA) द्वारा दक्षिण एसियाली स्तरमा आयोजना हुने 'उत्कृष्ट वार्षिक प्रतिवेदन' अवार्डका लागि समेत प्रतिस्पर्धा गर्नेछ ।

सबैक्षेत्र र वर्गसम्म बैंकिङ्ग सेवाको पहुँच पुऱ्याउने उद्देश्यले बैंकले देशभर १९६ वटा शाखा (५ एक्स्टेन्सन् काउन्टर सहित), १२३ शाखारहित बैंकिङ्ग सेवा र २२० एटिएम मार्फत उच्चस्तरीय एवं प्रविधिमैत्री बैंकिङ्ग सेवा प्रदान गर्दै आएको छ। साथै, बैंकले आफ्नो सेवा सञ्चालनमा डिजिटल माध्यमलाई अधिकतम महत्व दिंदै सुरक्षित तरिकाले अनलाईनबाटै बचत, मुद्दती र डिम्याट खाता खोल्न, डेबिट र क्रेडिट कार्डका लागि आवेदन दिन सकिने जस्ता विभिन्न बैंकिङ्ग सुविधाहरु सरल एवं ग्राहकमैत्री ढङ्गले प्रवाह गर्दै आएको छ । 'सम्बन्ध सधैभरीलाई' भन्ने नारा अवलम्बन गर्दै बैंकले 'सिद्धार्थ केयर' मार्फत विभिन्न सेवा प्रदान गर्ने तथा गुनासोलाई सम्बोधन गर्ने कार्य गर्दै आएको छ ।